नीति बहस श्रृंखला
२०७९

SIAS



# वन्यजन्तुको चपेटामा पहाडी जनजीवन : प्रभावकारी नीतिको खाँचो

विष्णुहरि पौड्याल, दिल खत्री, डिल्ली प्रसाद पौडेल, दिनेश पौडेल र संजय खत्री

### मुख्य सन्देशहरू :

१. नेपालको पहाडी क्षेत्रमा वन्यजन्तुको बढ्दो आक्रमणका कारण कृषिमा आधारित ग्रामीण अर्थतन्त्र नै धरासायी हुने खतरा बढेको छ ।

२. वन क्षेत्रको क्रमिक बिस्तार र व्यवस्थापनको कमी तथा आर्थिक, सामाजिक परिवर्तनका कारणहरूले गर्दा पहाडी क्षेत्रमा वन्यजन्तुको सङ्ख्या अत्याधिक बढ्न गएको छ ।

३. वन्यजन्तुबाट हुने जनधन तथा बालीनालीको क्षतिका लागि सरकारद्वारा गरिएको राहतको व्यवस्था झन्झटिलो भएकाले हालको नीतिगत व्यवस्थालाई पुनरावलोकन गरी समयसापेक्ष परिमार्जन गर्नु जरुरी छ ।

४. वन्यजन्तु व्यवस्थापनको आधारभूत विश्वव्यापी सिद्धान्तलाई मध्यनजर गर्दै वन्यजन्तुको बढ्दो सङ्ख्या नियन्त्रणका लागि नियन्त्रित सिकार तथा अन्य उपायहरू अपनाउन कानुनी अड्चनहरू फुकाउन जरुरी छ ।

## परिचय

सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका वडा नं १ खाल्टे बस्ने युवाहरूले बाँदर, बँदेल र दुम्सीबाट पाएको सास्तीबारे गुनासो गर्दै भने “बाली पाक्ने सिजनमा त हाम्रो मुख्य काम नै दिनभरि बाँदर कुर्ने र रातभरि बँदेल र दुम्सी धपाउने हुन्छ तरपनि ती बाली जोगाउन गाह्रो छ । रातभरि जाग्राम बसेर बिहान चार बजेतिर सुत्यो, उठ्दाखेरि त बँदेलले कुन सड्का कुन सड्का मकै फाँडिसकेको हुन्छ ।” यस्ता गुनासाहरू नेपालको पहाडी क्षेत्रमा जताततै सुन्न थालिएको छ । बढ्दो वन्यजन्तुको आतङ्कको मुख्य कारण भनेको वन्यजन्तुको बढ्दो सङ्ख्या नै हो भन्ने आम भनाइ छ ।

जलवायु परिवर्तनको असर तथा घट्दो श्रम शक्तिका कारण केही समय अघिदेखि नै मारमा पर्दै आएको कृषिमा आधारित पहाडी ग्रामीण जनजीवन वन्यजन्तुको बढ्दो समस्याका कारण थप आक्रान्त बनेको छ । लगाएको अन्नबाली बाँदर, दुम्सी, बँदेल र मृगले सखाप पार्ने र

चितुवाले वस्तुभाउ मारिदिने घटना ग्रामीण समुदायको दैनिक नियतिजस्तै नै बनेको छ । पछिल्लो समयमा चितुवा र भालुले मान्छेलाई पनि आक्रमण गर्ने घटनाहरू बढ्दै गएका छन् । राज्यले संरक्षण क्षेत्र वरिपरि भएको मानव वन्यजन्तु द्वन्द्वलाई मात्र समस्याका रूपमा हेर्ने गरेको सन्दर्भमा पहाडी क्षेत्रमा बढ्दो मानव वन्यजन्तु द्वन्द्व एक विकराल समस्याका रूपमा देखापरिसकेको छ ।

यसै सन्दर्भमा पहाडी क्षेत्रमा बढ्दै गएको वन्यजन्तुको अतिक्रमण, सम्भावित कारणहरू, यस कारणबाट समुदायको जीविकोपार्जनमा पर्न गएको असर तथा यसको व्यवस्थापनका लागि आगामी दिनमा गर्न सकिने सम्भावित उपायहरूका बारेमा, साउथएशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज' (सियास्), फरेष्ट एक्सन नेपाल तथा स्विडिस युनिभर्सिटि अफ एग्रिकल्चरल साइन्सेज' (SLU) को संयुक्त प्रयासमा पहाडी क्षेत्रका धादिङ, सिन्धुपाल्चोक, दोलखा तथा रामेछाप जिल्लाहरूमा वस्तुगत अध्ययन गरिएको थियो । स्थलगत अध्ययन र सम्बन्धित सरोकारवाला तथा समुदायहरूसँगको अन्तर्क्रियाबाट आएका नतिजाहरू नीतिनिर्माण तथा निर्णय कार्यान्वयन तहमा रहेका सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले यो नीतिगत सार तयार गरिएको हो ।



*बाँदर रुग्न बनाइएको टौवा*

## वन्यजन्तुको बढ्दो आतङ्क र ग्रामीण जीवनमा पारेका असरहरू

नेपालको पहाडी भेगमा वन्यजन्तुको आतङ्क बढ्दै गएको तथ्यलाई विगत केही वर्षदेखि नियमित रूपमा स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यमहरूले उजागर गरिरहेका छन् । उदाहरणको लागि पछिल्ला केही लेखहरू हेर्न सकिन्छ ।[१,२,३] यो विषय पछिल्लो समय प्राज्ञिक बहस तथा अध्ययन/अनुसन्धानको विषयसमेत बन्दै आइरहेको छ (उदाहरणका लागि केही लेखहरू हेर्न सकिन्छ ।[४,५] नेपालको प्रमुख राष्ट्रिय दैनिकहरू विशेषगरी कान्तिपुरका संवाददाताहरूले संयुक्त रूपमा जिल्लामा किसानहरूले भोगिरहेका समस्याहरूलाई उजागर गरेरै नीति निर्माताहरूलाई झक्झक्याउने प्रयास गरेको देखियो ।[२,३] यी र यस्ता लेखहरूले विगत १० वर्षदेखि वन्यजन्तुहरूले दिएको दुःख र गुनासाहरू समेटेका छन् । यिनै तथ्य तथा जानकारीहरूलाई थप प्रमाणित गर्दै हाम्रो अध्ययनले भौगोलिक क्षेत्र, समय तथा मौसमअनुसार वन्यजन्तुले दिने दुःख फरक-फरक भएको तर समग्र रूपमा क्षतिको प्रकृति तथा मात्रामा नियमित वृद्धि भएको निष्कर्ष निकालेको छ ।

हामीले अध्ययन गरेका क्षेत्रहरूमा कृषकलाई बढी असर पार्ने वन्यजन्तुहरूमा बाँदर, दुम्सी, बँदेल, मृग तथा चितुवा प्रमुख देखिए भने सबैतिरका साझा समस्याका रूपमा बाँदर र बँदेल रहेका छन् । बाँदरको बढ्दो आतङ्क र यसले पारेको असर बारे बताउँदै सिन्धुपाल्चोक वाल्दाङ्ग कि ५८ वर्षिया महिलाले गुनासो सुनाउनुभयो– "पाँच वर्ष अघिसम्म हाम्रो १२ रोपनी वारीबाट हामी प्रतिवर्ष सालाखाला ४५ भारी मकै भित्र्याउँथ्यौं तर विगत चारवर्षदेखि बाँदर र बँदेलको कारण ५–७ भारीभन्दा बढी मकै भित्र्याउन पाएका छैनौं । घरमा ल्याएर राखेको घोगोसमेत हिउँदमा बाँदरले भित्रै पसेर बाँकी राख्दैन ।"

यति मात्र होइन, चितुवा तथा भालुजस्ता वन्यजन्तुहरूका कारण वस्तुभाउको नोक्सानी र मानवीय क्षतिको बढ्दो घटनाहरूले समग्र ग्रामीण जनजीवन नै त्रसित रहेको छ । धादिङ रुविभ्याली गाउँपालिकाको दुर्गम क्षेत्रमा रहेका किसानहरू मात्रै होइन धादिङ, सिन्धुपाल्चोक तथा रामेछाप जिल्लाको सदरमुकाम वरिपरिकै बासिन्दाहरूले समेत दिनानुदिन यस्ता घटनाहरू बढ्दै गएको बताए । धादिङ रुविभ्यालीको हिन्दुम गाउँमा घाँस काट्न गएकी युवतीलाई भालुले आक्रमण गरी मरणासन्न बनाएको घटना पश्चात् स्थानीय किसानहरू नजिकैको जङ्गल जान समेत डराउन थालेका छन् । यस्तै चौतारा सांगाचोकगढी न.पा. ५ का किसानहरूले विगत दुई महिनाको अवधिमा नै गाँउमा तीन- तीन पटक चितुवाले वस्तुभाउलाई आक्रमण गरेको र दुइटा खसी मारिदिएको सुनाए । त्यस्तै नीलकण्ठ न.पा. २ वसाहा, धादिङका किसानहरूलाई वन क्षेत्रमा वस्तु चराउन

[१] डिल्लीप्रसाद पौडेल, दिल खत्री र विष्णुहरि पौड्याल: वन्यजन्तुको व्यवस्थापन र ग्रामीण अर्थप्रणाली, कान्तिपुर दैनिक पत्रिका, वैशाख २८, २०७९

[२] विप्लव भट्टराई: जङ्गली जनावरको आतङ्क: चितुवाले बाखा, अन्य वन्यजन्तुले खेतीबाली सखाप पार्दै, कान्तिपुर दैनिक, चैत्र, ३, २०७८

[३] रमेशचन्द्र अधिकारी: बाँदरको हैरानी खेप्दै किसान, कान्तिपुर दैनिक, चैत्र, ३, २०७८

[४] Baral K, Sharma HP, Rimal B, Thapa- Magar K, Bhattarai R, Kunwar RM, et al. (2021) Characterization and management of human- wildlife conflicts in mid-hills outside protected areas of Gandaki province, Nepal. PLoS ONE 16(11)

[५] Bista R& Song C. (2021): Human-wildlife conflict in the community forestry landscape: a case study from two Middle Hill districts of Nepal, Human Dimensions of Wildlife.

लैजाँदा चितुवाले बाखापाठाहरूलाई आकलझुकल आक्रमण गर्ने कुरा नौलो होइन तर विगत केही वर्षदेखि भने गोठमै बाँधी राखेको गोरु, राँगा र खसी बाखाहरू दिन दहाडै चितुवाले झम्टन थालेकाले हाल उनीहरू त्रसित रहेका छन् ।

बढ्दो वन्यजन्तुको नोक्सानीका कारण ग्रामीण किसानहरूको खाद्य सुरक्षामा मात्र असर गरेको छैन अझ रात-विरात वन्यजन्तु धपाउनु पर्दा शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत असर पर्दै गएकोले आफ्नो थातथलोसमेत छोड्नु पर्ने हो कि भन्ने मानसिकतामा धेरै किसानहरू पुगेको पाइयो । चौताराकै एक किसानले चितुवाको डरले जङ्गल नजिक रहेको बेँसीको घर छोडी गाउँतिर सर्नु परेको र पछिल्लो समयमा बाँदरले धेरै दुःख दिन थालेकाले बेँसीको जग्गामा बालीसमेत लगाउन छोडेको दुखेसो सुनाए ।

यसरी वन्यजन्तुबाट भएको हैरानीले गर्दा किसानहरूले जङ्गलको छेउछाउमा रहेका आफ्ना खेतबारीहरू बाँझै छोड्ने क्रम बढ्दै गइरहेको छ । यसरी जग्गा बाँझो छाड्ने क्रमले बाँदरलगायतका वन्यजन्तुहरूलाई बस्ती नजिकै आइपुग्न झन् सजिलो बनाइदिएको छ । उसै पनि रोजगारी र सेवासुविधाका लागि युवाहरूले गाउँघर छोड्ने क्रम बढ्दै गएको सन्दर्भमा वन्यजन्तुको आतङ्क दिनदिनै बढ्दै जाँदा जग्गा बाँझै छोडी बसाइँसराइ गर्नु पर्ने बाध्यता बढ्दै गइरहेको छ ।

मध्यपहाडी क्षेत्रका कैयौँ घटनाहरूमध्ये यी केही प्रतिनिधिमूलक मात्र हुन् । वन्यजन्तुहरूको वृद्धिसँगै कृषिबालीको क्षति, पशुधनहरूमा आक्रमण र मानवीय क्षतिमध्ये केही न केही समस्या नभोग्ने किसानहरू नै छैनन् ।

किसानहरूले वन्यजन्तुहरूको सङ्ख्या मात्र होइन उनीहरूको बानी व्यहोरासमेत परिवर्तन भएको अनुभव हामीलाई सुनाए । किसानहरूका अनुसार वन्यजन्तुहरू अटेरी, बढी आक्रामक र मान्छेलाई नटेर्ने भएको अनुभव स्थानीयहरूले सुनाए । खास गरी बाँदरहरू बढी आक्रामक देखिएको भएपनि पहिले मानिस देखेपछि भागिहाल्ने मृग तथा दुम्सीहरू पनि नजिकै गएर धपाउँदासमेत नटेर्ने भएका छन् ।

यसरी बढ्दै गएको वन्यजन्तुको सङ्ख्या, फेरिँदै गएको व्यवहार र बढ्दो नोक्सानीका कारण किसानहरूको जीविका नै चुनौतीपूर्ण बन्न गएको छ । किसानहरूमा देखिएको यो समस्याले समग्र पहाडी क्षेत्रमा खाद्य उत्पादनमा अनिश्चितता ल्याउँदा समग्र राष्ट्रकै खाद्य सुरक्षा र कूल ग्राहस्थ आम्दानीमा दीर्घकालीन चुनौती आउन सक्ने र कृषिमा आधारित समग्र ग्रामीण अर्थतन्त्र नै धराशायी हुने सम्भावना बढेको छ ।


*वन्यजन्तु समस्या बारे कृषकहरू र अनुसन्धानकर्ता बिच अन्तरक्रिया*

## बढ्दो वन्यजन्तुको समस्याका सम्भावित कारणहरू

पहाडी क्षेत्रमा यसरी वन्यजन्तुको समस्या बढ्दै जानुका कारणहरू के के हुन् त ? यस सम्बन्धमा हामीले अध्ययन गरेका जिल्लाका किसानहरू, स्थानीय सरकारका प्रतिनिधिहरू, वन तथा वन्यजन्तु व्यवस्थापन गर्ने निकायहरू र अन्य सरोकारवालाहरूसँगको प्रत्यक्ष छलफल तथा अन्य जिल्लामा भए गरेका अध्ययनहरूको पुनरावलोकनबाट निम्न कारणहरू हुनसक्ने देखिएको छ ।

### १. वन व्यवस्थापनमा कमी :

पछिल्लो दशकमा सामुदायिक वन क्षेत्रको संरक्षण भई वन क्षेत्र बाक्लो हुँदै गएको तथा निजी जग्गामा समेत वन वृद्धि हुँदै गएको छ । तर यी वनहरूको उचित व्यवस्थापन हुन नसक्दा वन क्षेत्र झाडी बन्दै गएकाले वन्यजन्तुका लागि वासस्थान बढ्दै गएको आम बुझाइ छ । यस कारण पनि पछिल्ला वर्षहरूमा वन्यजन्तुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको कुरामा किसान तथा स्थानीय सरोकारवालाहरू एकमत देखिन्छन् ।

### २. घट्दो ग्रामीण जनसङ्ख्या र जमिन बाँझिने क्रममा वृद्धि :

बदलिंदो सामाजिक र आर्थिक परिवेशसँगै गाउँघरमा मानिसहरूको बसाइ तथा चहलपहल कम हुँदै गएको छ । कृषियोग्य भूमि बाँझो राख्ने क्रम पनि बढ्दै जाँदा जङ्गली जनावरहरू समुदायको वासस्थान र कृषिबाली नजिकै आइपुग्न थालेका छन् । उदाहरणका लागि सिन्धुपाल्चोक जिल्लाका विभिन्न ठाउँहरूमा २०७२ सालको भूकम्पका कारण जमिन बस्न तथा खेती गर्न योग्य नहुँदा धेरै मानिसहरु बसाइँ सरेको र हाल ती क्षेत्रहरू पनि वन्यजन्तुहरूको वासस्थानकै रूपमा परिणत भएको अवस्था छ । यसैगरी पछिल्ला वर्षहरूमा युवापुस्तामा खेतीपातीप्रति रूचि घट्दै गएर खेती बाँझिने

क्रम बढेको देखिन्छ । त्यस्तै गाँउघरमा मानिसहरूको सङ्ख्या घट्दै गएका कारणले जङ्गली जनावरहरूलाई धपाउनसमेत जनशक्तिको कमी हुन गई जग्गा बाँझिने क्रम बढ्दै गइरहेको छ ।

### ३. वन्यजन्तुहरूको आहारामा कमी र परिवर्तन :

वन्यजन्तुको सङ्ख्या वृद्धिसँगै वन क्षेत्रमा उनीहरूको आहारा कम हुँदै गएकाले आहाराको खोजीमा जङ्गली जनावरहरू खेतबारीमा पस्न थालेको किसानहरू बताउँछन् । यसैगरी केही कृषकहरू वन्यजन्तुहरूका लागि वनमा पाइने खानेकुराहरूभन्दा कृषिउपजको स्वादमा पल्केका कारण पनि बाली बढी नष्ट हुन लागेको बताउँछन् । चितुवाजस्ता मांसाहारी जनावरहरूपनि बाखावस्तु खान पल्केपछि जङ्गलमा अन्य वन्यजन्तुहरूको सिकार नगरी गाँउघरतिरै आएको हुन सक्ने किसानहरू बताउँछन् ।

### ४. परम्परागत सिकार गर्ने चलन घटेको :

बदलिँदो राजनैतिक परिवेश (मुख्य गरी माओवादी द्वन्द्व पश्चात्) तथा प्रविधिको पहुँचसँगै परम्परागत रूपमा गाउँघरमा लुकीछिपी गरिँदै आएको वन्यजन्तुको सिकार गर्ने चलन हराउँदै गएको पाइएको छ । दसवर्षे माओवादी द्वन्द्वको अवधिमा गाउँघरमा भएका घरेलु हातहतियारहरू राज्य वा माओवादी पक्षवाट नियन्त्रणमा लिइएको हुँदा सर्वसाधारणसँग हाल परम्परागत हतियारहरू पनि नभएको अवस्था छ । कथम कदाचित हतियार भएपनि आजकाल मोवाइल लगायतका सूचना प्रविधिको सुविधाका कारण सिकार गरेमा पनि तुरुन्तै सम्बन्धित निकायमा जानकारी हुने हुँदा चोरी सिकारीको अवस्था लगभग शून्यमा रहेको छ । यसकारण पनि वन्यजन्तुको जनसङ्ख्या बढेको समुदाय तथा सरोकारवालाको साझा भनाइ रहेको छ ।

### ५. संरक्षणमुखी नीति तथा कानुनहरू :

समग्रमा हालको वन्यजन्तु संरक्षणसँग सम्बन्धित नीति तथा कानुनहरू ठूला तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण केन्द्रित भएको र यसको प्रभावले निकुञ्जभन्दा बाहिरका वन क्षेत्रहरूमा पनि वन्यजन्तुको व्यवस्थापनभन्दा पनि संरक्षणमा नै केन्द्रित भएको देखिन्छ । सोही कारण सरकारले वन्यजन्तुको सङ्ख्या नियन्त्रण र उचित व्यवस्थापनको प्रबन्ध गर्न नचाहेको देखिन्छ । केही गरी कुनै पनि वन्यजन्तु मारेमा वा मारिन गएमा हुने सजायसम्बन्धी व्यवस्था धेरै कडा बनाउनु र वन्यजन्तुको सङ्ख्या व्यवस्थापन नीति नहुनुको कारणले पहाडी क्षेत्रमा वन्यजन्तुको सङ्ख्या नै ठूलो चुनौतीका रूपमा आएको छ ।

### ६. जलवायु परिवर्तन :

हामीले अध्ययन गरेका क्षेत्रहरूमा स्थानीय किसान तथा सरोकारवालाहरू पहाडी भेगमा यसरी वन्यजन्तुको प्रकोप बढ्नुमा जलवायु परिवर्तनको समेत भूमिका रहेको औल्याउँछन् । उनीहरू मौसममा फेरबदल आएका कारण वन्यजन्तुहरूको चहलपहल बढ्न गई नयाँ खाले वन्यजन्तुहरूको आगमन भएको कुरा बताउँछन् । उदाहरणको लागि धादिङको सुदूर उत्तरमा पर्ने रुविभ्यालीका किसानहरूले यस अघि कहिल्यै नदेखेको रातो प्रकारको बाँदरले बाली नोक्सान गर्न लागेको अनुभव सुनाए भने सिन्धुपाल्चोकका किसानहरूले चित्तलको चहलपहल र सङ्ख्या बढेको बताए ।

## हालको नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था

मध्यपहाडी जिल्लाका स्थानीय कृषकहरू तथा सरोकारवालाहरू बढ्दै गएका वन्यजन्तुहरूको समस्यालाई सम्बोधन गर्न सरकारले चाँडोभन्दा चाँडो प्रभावकारी नीति ल्याउनुपर्ने बताउँछन् । पीडित किसानहरू स्थानीय, प्रदेश तथा सङ्घीय सरकारतर्फ इङ्गित गर्छन् भने स्थानीय जनप्रतिनिधि तथा जिल्लामा रहेका वन, कृषि तथा पशु विकास जस्ता कार्यालयका सेवा प्रदायकहरू सङ्घीय सरकारले नै यससम्बन्धी नीति चाँडै ल्याउनुपर्ने धारणा राख्छन् । रामेछापका एक किसानले जुनसुकै तहबाट भएपनि चाँडोभन्दा चाँडो बाँदर नियन्त्रणको नीतिगत व्यवस्था हुनुपर्ने कुरामा जोड दिए भने धादिङका एक उपमेयरले सबै सरोकारवालाहरू मिलेर वन्यजन्तुबाट सिर्जित स्थानीय समस्याहरूका बारेमा संयुक्त पहल र पैरवीमार्फत सङ्घीय सरकारलाई छिटोभन्दा छिटो उपयुक्त नीति बनाउन बाध्य बनाउनुपर्ने कुरा बताए । यसैगरी स्थानीय सरकार प्रमुख भई आफ्नो पाँचवर्षे कार्यकालमा वन्यजन्तुको प्रभावलाई कम गर्ने काममा धेरै समय खर्चेका र हाल गाँउपालिका महासङ्घको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले समेत वन्यजन्तु नियन्त्रणका लागि राष्ट्रियस्तरकै नीतिको जरुरी रहेको सुझाए ।

मानव वन्यजन्तु द्वन्द्वलाई सम्बोधन गर्नका लागि पहिलेदेखि नै क्षतिपूर्तिको नीतिगत प्रावधान रहेको छ । यसो हुँदाहुँदै पनि यस्ता प्रावधानहरू तराईका ठूला जनावर र निकुञ्ज तथा संरक्षण क्षेत्रवरिपरिका बासिन्दाहरूलाई मात्र लक्षित गरिएको छ । यस कुरामा स्थानीय समुदायका साथै वन

तथा वन्यजन्तु व्यवस्थापनमा संलग्न कर्मचारीहरू समेतको एकमत रहेको छ । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ कार्यान्वयन भइरहेको भए तापनि यो मुख्य रूपमा तराईकै ठूला जङ्गली जनावर र तिनले गर्ने क्षतिको वरिपरि केन्द्रित रहेको देखिन्छ । यो निर्देशिका २०७५ सालमा तेश्रो पटक संशोधन हुँदा समेत पहाडी क्षेत्रको सबभन्दा बढी समस्याका रूपमा देखापरेका बाँदर तथा दुम्सीबाट हुने क्षतिका सन्दर्भमा मौन रहेको छ । हाल हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, जङ्गली बँदेल, ब्वाँसो, जङ्गली कुकुर, अर्ना, गौरीगाई, मगर गोही र अजिङ्गरले पुऱ्याएको मानवीय र पशुधनको नोक्सानी, बालीनाली र भण्डारण गरिएको अन्नको क्षति तथा घरगोठमा पुऱ्याएको क्षति वापत राहत दिने प्रावधान छ । मानवीय क्षतिका सन्दर्भमा सामान्य घाइतेको प्रकृति हेरी सिफारिस र कागजातका आधारमा बढीमा रू.२०,००० सम्म र सख्त घाइतेका लागि रू. दुई लाखसम्म औषधिउपचार खर्च दिने प्रावधान भएकोमा पछिल्लो संशोधन २०७५ ले उपचार खर्च दुई लाखभन्दा बढी लागेमा सरकारी अस्पतालमा उपचार गराउँदाको सबै खर्च नेपाल सरकारले व्यहोर्ने व्यवस्था गरिएको छ । यस्तो प्रावधान भएपनि कार्यान्वयनका हिसाबले प्रभावकारी नभएको हाम्रो अध्ययनले देखाएको छ । जस्तो कि, धादिङको रुविभ्यालीमा भएको घटनाका सन्दर्भमा घाइतेले ऋण काढेर उपचार गर्न थालेको दुई महिना बित्दासम्म पनि रकम निकासा भएको देखिदैन । यसका लागि कैयौं पटक चितवन राष्ट्रिय निकुञ्जको कार्यालय पुग्दा समेत राहत रकम उपलब्ध हुन नसकेको घाइतेका आफन्तहरूको गुनासो थियो ।

यसैगरी वस्तुभाउ तथा बालीनालीको बढ्दै गएको नोक्सानीलाई मध्यनजर गर्दै राहत रकम उपलब्ध गराउन थालिएको तर त्यसमा थुप्रै प्रशासनिक तथा कानुनी झमेलाहरू रहेको कुरामा स्थानीय पीडित किसानहरू मात्रै होइन, राहत रकम उपलब्ध गराउने प्रक्रियामा संलग्न अधिकारीहरूसमेत सहमत देखिए । जस्तै: बालीनाली तथा वस्तुभाउको नोक्सानी गरेकोमा निवेदन दिने, त्यसपछि मुचुल्का उठाउनुपर्ने र यसमा कृषि तथा पशुविकास कार्यालयसँग सम्बन्धित प्रतिनिधिहरू, प्रहरी तथा स्थानीय तहका प्रतिनिधिहरू सबै संलग्न समितिको सिफारिसमा नजिकको संरक्षण क्षेत्र तथा निकुञ्जको कार्यालयमा निवेदन दिनु पर्ने व्यवस्था छ । निकुञ्जको कार्यालयले रकमको भुक्तानीको लागि, किसानसँग स्थायी लेखा नम्बर (PAN) र बैंक खाता माग्ने गरेको छ । यी र यस्ता प्रक्रियाहरू



*वन्यजन्तु समस्या बारे समुदाय र अनुसन्धानकर्ता बिच छलफल*

व्यावहारिक नभएको र यसले पीडितहरूलाई आहातको बेलामा राहत पुऱ्याउनुभन्दा पनि झन्झट थपिदिएको आम जनगुनासो पाइयो । हुन त राहत वितरण कार्य मानव वन्यजन्तु द्वन्द्वको दीर्घकालीन समाधान होइन । यसले दीर्घकालमा देशलाई नै ठूलो आर्थिक भार पर्नजाने कुरामा सरोकारवाला तथा किसानहरू सहमत छन् तर नियन्त्रणका उपायहरू प्रभावकारी नहोउञ्जेल किसानहरूलाई तत्कालीन सहयोग स्वरूप गरिने यस्ता राहत वितरणको समग्र प्रक्रिया सरल र व्यावहारिक बनाउनुपर्ने र यसका लागि स्थानीय तह (वडा) लाई नै बढी जिम्मेवार र अधिकार सम्पन्न बनाउनुपर्ने किसानहरूको माग रहेको छ ।

स्थानीय जनप्रतिनिधिहरूले पनि वन्यजन्तुहरूको बढ्दो सङ्ख्या र क्षतिले स्थानीय सरकारको पनि ध्यान आकर्षण भएको र यसलाई प्रमुख समस्याका रूपमा लिई वन्यजन्तु नियन्त्रणका लागि विविध उपायहरूको खोजी गरिरहेको पाइयो । तर यसका समाधानका लागि के र कसरी गर्ने भन्ने अन्योल कै अवस्थामा पनि स्थानीय तहहरूले केही रकम समेत विनियोजन गरेको भएपनि उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्न नसकिरहेको अवस्था छ । समग्रमा वन्यजन्तुको संरक्षण र व्यवस्थापन सङ्घीय सरकारको क्षेत्रमा पर्ने र सङ्घीय स्तरवाट नै प्रभावकारी नीतिगत व्यवस्था हुनु पर्ने स्पस्ट देखिन्छ ।

## अबको बाटो/नीतिगत सुझाव

केही वर्ष अघिसम्म सामान्य तथा आकलझुकल हुने घटनाका रूपमा लिइने नेपालको पहाडी क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व अहिले निकै ठूलो समस्याको रूपमा देखापरेको कुरा हाम्रो स्थलगत अध्ययन र दैनिकजसो आउने समाचारहरूले प्रमाणित गरिरहेका छन् । यो समस्या बेलैमा नियन्त्रण गर्न नसक्ने हो भने यसवाट पहाडी भूभागको जनजीवन नै डामाडोल हुने तथा मानव र पशुधनको क्षति थप भयावह हुने अवस्था छ । यसका लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारहरूले वन्यजन्तुको

सङ्ख्या नियन्त्रण र व्यवस्थापनलाई पहिलो प्राथमिकतामा पारी नीतिगत व्यवस्था गर्न जरुरी भैसकेको छ । यसका लागि स्थानीय समुदाय, स्थानीय सरकार, वन तथा वन्यजन्तु संरक्षण विज्ञ तथा सरोकारवालाहरूसँगको गहन छलफल अघि बढाउनु पर्ने हुन्छ । अन्य कतिपय देशहरूमा जस्तै नेपालमा "वन्यजन्तु छाँट्ने" (Culling) गरेर धेरै समस्या दिएका बाँदर, दुम्सी, बँदेल, मृगजस्ता संरक्षणको हिसाबले जोखिममा नरहेका जनावरहरूको सङ्ख्या कम गर्न अति आवश्यक भैसकेको छ । यसका लागि आवश्यक नीतिगत व्यवस्था तथा प्रोत्साहन कार्यक्रम अघि बढाउन सके वन्यजन्तुको व्यवस्थापन र ग्रामीण जीविकोपार्जन सँगसँगै अघि बढ्न सक्ने सम्भावना रहन्छ ।

यसैगरी वन्यजन्तुको कारण मानवको ज्यान तथा बालीनाली र पशुधनमा पुग्ने क्षति वापत राहत दिने उद्देश्यले ल्याइएको हालको निर्देशिकालाई उलेख्य परिमार्जन गरी राहत रकम वढाउनका साथै बालीनालीलाई धेरै क्षति गर्ने र किसानको सबैभन्दा शत्रुका रूपमा रहेका बाँदर, दुम्सी, मृगलगायतका वन्यजन्तुहरुको क्षतिलाई समेट्ने तथा यथोचित राहत सरल तरिकावाट प्राप्त गर्न सक्ने वातावरण बनाउन जरुरी छ । अझ, यस्तो क्षतिपूर्ति तथा राहतको प्रशासनिक कार्यान्वयनको जिम्मा सम्बन्धित वडालाई दिन सकिएमा सम्बन्धित व्यक्ति तथा परिवारले तुरुन्त र सहज तरिकावाट राहत पाउन सक्छन् ।



*वन्यजन्तुको बढ्दो समस्या बारे प्रदेश स्तरीय नीति संवाद*

www.sias-southasia.org
**Southasia Institute of Advanced Studies (SIAS)**

NK Singh Marga-306, Kathmandu Metropolitan city -31 Minbhawan, Kathmandu, Nepal
Email: sias-info@sias-southasia.org
Phone: +977-1-4569801
POBox: 23499

**ForestAction Nepal**
www.forestaction.org

**Swedish University of Agricultural Sciences**
www.slu.se